आज मिति २०७९।०२।१९ गते बिहिवारको दिन यस बाणगंगा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिति रहेको छ ।

<u>उपस्थिति:</u>

| क्र. स. | पदाधिकारीहरुको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | दानु घर्ती | कार्यपालिका सदस्य | |
| १७ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १८ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| २० | डिल बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २१ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २२ | टेकराज पन्थी | सचिव | |

नगर कार्यपालिकाको ११६ औं बैठक

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

मिति: २०७९।०२।१९

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. आईतवारको विदा सम्बन्धमा।

२. कार्यपालिकाको बैठक सम्बन्धमा।

**निर्णयहरु:-**

**निर्णय नं. १**

नेपाल सरकारले परीक्षणको रुपमा सम्बत २०७९ जेष्ठ १ गतेदेखि लागु हुने गरी हप्तामा २ दिन विदा दिने निर्णय गरेकोमा हाल यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा शैक्षिक सत्र २०७९ को भर्ना अभियान चालु रहेको र विद्यार्थी एकिकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली (IEMIS) अनलाईन मार्फत प्रविष्ट गराउनुपर्ने, बालबालिकाहरुलाई निशुल्क पाठ्यपुस्तकहरु उपलब्ध गराउनुपर्ने र आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम, बजेट तर्जुमा लगायतका कार्यहरु गर्न प्रयाप्त समय नभएको र विदाका दिनहरुमा समेत कार्य गर्नुपर्ने भएकोले हाललाई असार मसान्त सम्म नगरपालिका एवं अन्तर्गतका कार्यालयहरु र शैक्षिक संस्थाहरु आईतवारका दिनमा समेत सेवा सञ्चालन गर्ने।

**निर्णय नं. २**

यस बाणगङ्गा नगर कार्यपालिकाको आगामी बैठक यही २०७९ जेष्ठ २२ गते विहान ठीक ८:०० बजे सञ्चालन गर्ने।